नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**राजस्व अनुसन्धान विभग**

म.नि.- ५५२७८८५
उ.म.नि.- ५५५१८०२
कन्ट्रोल रुम- ५०१००८५
एक्सचेन्ज- ५०१०१०६
५५४२०२३
टोल फ्रि - १६६०-०१-५५०००

हरिहरभवन, पुल्चोक, ललितपुर

प.सं.: ०८१/८२
च.नं.

## प्रेस विज्ञप्ति

राजस्व अनुसन्धान विभागले राजस्व अनुसन्धान कार्यालय, पथलैया, बारामार्फत अनुसन्धान सम्पन्न गरी ३४ टन प्याज चोरी पैठारी गरेको अभियोगमा ३ जना प्रतिवादी विरुद्ध उच्च अदालत जनकपुरमा मिति २०८१।१२।२० मा अभियोगपत्र दर्ता गरेको छ।

शिव पार्वती ट्रेडर्स (स्थायी लेखा नम्वर ६१५८५८७१३) का प्रोप्राइटर जिल्ला सर्लाही मलगंवा नगरपालिका, वडा नं. १० बस्ने रामवरण महतोको छोरी वर्ष ४४ को जनक दुलारी देवी र JH02BM2981 नम्वरको भारतीय मालवाहक १६ चक्के लरी ट्रकका चालक देश भारत झारखण्ड जिल्ला कोडरमा संग्रामडी बस्ने वर्ष ३६ को उमेश यादवले ३४ टन प्याज पैठारी गर्दा भन्सार जाँचपास नगराई भन्सार चोरी पैठारी गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेध गरेको कार्य गरी सोही ऐनको दफा ४ को खण्ड (ख), (छ) र (झ) बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादीहरु उमेश यादव र जनक दुलारी देवीलाई ऐ. ऐनको दफा २३(१) बमोजिम बिगो रु. १८,२९,०५०।- (अक्षेरुपी अठार लाख उनान्तीस हजार पचास रुपैयाँ मात्र) जफत गरी शतप्रतिशत जरिवाना रु. १८,२९,०५०।- (अक्षेरुपी अठार लाख उनान्तीस हजार पचास रुपैयाँ मात्र) हुन तथा सोही ऐनको दफा २३(१)(क) बमोजिमको सजायको मागदावी लिई अभियोगपत्र दर्ता गरिएको छ। साथै भन्सार छली प्याज चोरी पैठारी गर्न प्रयोग भएको भारतीय JH02BM2981 नम्वरको १६ चक्के लरी ट्रक सोही ऐनको दफा ३३(१) बमोजिम जफत हुन र बरामद ट्रकका धनी देश भारत जरिया हजारीवाग बराही बस्ने राम सहाय यादवको छोरा वर्ष ४५ को नरेश यादवलाई ट्रक जफत गर्ने प्रयोजनका लागि प्रतिवादी कायम गरी अभियोगपत्र दर्ता गरिएको छ।

अभियोगपत्रमा बिगो र जरिवानासहित जम्मा रकम रु. ३६,५८,१००।- (अक्षेरुपी छत्तीस लाख अन्ठाउन्न हजार एक सय रुपैयाँ मात्र) सजाँय र भारतीय १६ चक्के लरी ट्रक जफतको मागदावी लिइएको छ।

२०८१/१२/२०

(कृष्ण कुमारी श्रेष्ठ)
उपमहानिर्देशक/प्रवक्ता

Scanned with CamScanner